नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

पशु सेवा विभाग

# पशु क्वारेन्टाइन कार्यालय

गड्डाचौकी, कञ्चनपुर

पत्र संख्याः-२०८३/०८४ मितिः-२०८३/०४/०१

चलानी नं.-

विषयः- मौजुदा सूचि दर्ता गर्ने सम्बन्धी सूचना !

यस कार्यालयको लागि आर्थिक वर्ष २०८३/०८४ का लागि निम्नानुसार कार्यहरु गर्न गराउन सार्जजनिक खरिद ऐन, २०६३ को दफा (६) क तथा सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौ संशोधन सहित) को नियम १८ को उपनियम (१) अनुसार सार्वजनिक निकायले गर्ने खरिदको प्रस्ताव माग गर्ने प्रयोजनका लागि मौजुदा सूचिमा दर्ता हुन वा अद्यावधिक हुन चाहने व्यक्ति, फर्म, आपूर्तिकर्ता, निर्माण व्वसायी, संस्था वा सेवा प्रदायकले देहायका कागजातको प्रतिलिपि संलग्न गरी अनुसूचि २ (क) बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समय भित्र निवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**<u>मौजुदा सूचिमा दर्ता हुने समूहः</u>**

१. मसलन्द तथा कार्यालयका सामान आपूर्ति,
२. कम्प्यूटर, फोटोकपी, प्रिन्टर, इन्भर्टर, व्याट्री, यू.पि.एस, एसी लगायत इलेक्ट्रोनिक सामान सञ्चार उपकरण आपूर्ति तथा मर्मत,
३. विभिन्न सिभिल निर्माण, रंगरोगन तथा मर्मत,
४. फर्निचर तथा फर्निसिङ तथा हार्डवेयर समाग्रीहरु,
५. सरसफाई सम्बन्धी सामानहरु,
६. सवारी साधन पाटपूर्जा सर्भिसिङ तथा मर्मत,
७. पशुपन्छी सम्बन्धी औषधि तथा ल्याबसँग सम्बन्धी विभिन्न उपकरण आपूर्ति तथा मर्मत
८. मिडिया मार्केटिङ,
९. साइनवोर्ड होडिङवोर्ड आर्ट सम्बन्धी ,
१०. परामर्श सेवा सम्बन्धी,
११. छपाई तथा प्रकाशन प्रशारण सम्बन्धी,
१२. बोट, विरुवा आपूर्ति सम्बन्धी,
१३. माथि उल्लेखित नभएका अन्य विविध सेवा तथा मालसामानहरु ।

**<u>निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः</u>**

१. निवेदन, (अनुसूचि २ क बमोजिमको ढाँचा)
२. कर चुक्ता प्रमाणपत्र
३. फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
४. स्थायी लेखा नम्बर वा मू.अ. कर दर्ता प्रमाण पत्रको प्रतिलिपि,
५. आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्रको प्रतिलिपि,

२०८३/०४/०१

डा. अरुण खनाल
पशु चिकित्सक